# भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर चितवन ।

## भरतपुर महानगरपालिकाको डिजिटल डिस्प्ले बोर्ड, विज्ञापन होर्डिङ्गबोर्ड तथा विधुतीय प्रचार-प्रसार सामाग्री नियमन सम्बन्धि मापदण्ड, २०७७

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय,भरतपुर, चितवन ।

# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या ६ मितिः २०७७/०७/२३

## भाग-२

## भरतपुर महानगरपालिकाको डिजिटल डिस्प्ले बोर्ड, विज्ञापन होर्डिङ्गबोर्ड तथा विधुतीय प्रचार-प्रसार सामाग्री नियमन सम्बन्धि मापदण्ड, २०७७

**भरतपुर महानगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

वागमति प्रदेश, नेपाल

भरतपुर महानगरपालिकाको डिजिटल डिस्प्ले बोर्ड, विज्ञापन होर्डिङ्गबोर्ड तथा विधुतीय प्रचार-प्रसार सामाग्री

नियमन सम्बन्धि मापदण्ड, २०७७

प्रमाणिकरण मितिः २०७७/०७/२३

## १. पृष्ठभूमि

भरतपुर महानगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नगर सभाबाट पारित नीतिगत निर्णयको आधारमा आफनो क्षेत्रभित्र तोकीए वमोजमका विज्ञापनबोर्ड तथा प्रचार-प्रसार सामाग्री राख्ने अनुमति ( आर्थिक वर्ष ०७४/७५ देखि ०७६/०७७ सम्मको ) लागि ठेक्का मार्फत दिई विज्ञापन कर संकलन गर्दै आएकोमा, २०७७ आषाढ मसान्तमा उक्त ठेक्का अवधि समाप्त भएको छ । बागमती प्रदेश सरकारद्वारा जारी गरिएको आर्थिक ऐन,२०७७ को दफा (५)मा प्रदेश अर्न्तगत बिज्ञापन कर सम्बन्धि अधिकारको व्यवस्था गरिएको छ । उक्त आर्थिक ऐन, २०७७ को दफा (२)को उप-दफा (१)बमोजिम विज्ञापन करको प्रशासन स्थानीय तहले गर्ने तथा दर/रेट तोक्ने र संकलित करको चालिस प्रतिशत रकम प्रदेश सरकारमा पठाउनु पर्ने व्यवस्था रहेको छ ।

भरतपुर महानगरपालिकाको आन्तरीक आयको महत्त्वपूर्ण श्रोतको रुपमा विज्ञापन कर रहदै आएता पनि विभिन्न किसिमका होर्डिङ्ग बोर्ड, साईन बोर्ड, ग्लो साईन बोर्डहरु, कम्पनीको प्रायोजन बोर्डहरु र पोल व्यानर आदि प्रचार प्रसारका लागि राखिने बोर्ड तथा प्रचार सामाग्रीहरु व्यवस्थीत, मर्यादित, सुरक्षित एवं शहरीसौन्दर्ययुक्त हुन नसकेकोमा सवै सरोकारवालाहरुको चासोको विषयवस्तु बनेको तथा सुन्दर शहर,समृद्ध र सुसंस्कृत भरतपुर महानगर बनाउने परिकल्पना स्वरुप चालू आर्थिक बर्षको आर्थिक नीतिमा भरतपुर महानगरपालिको मुख्य शहरीक्षेत्र तथा मुख्य राजमार्ग र सहायक राजमार्गका क्षेत्रहरुमा होर्डिङ्गबोर्ड पूर्ण रुपमा विस्थापन गरी तोकिएको स्थानहरुमा तोकिएका साईज तथा प्रकारका डिजिटल बोर्डहरु राखी शहरी सौन्दर्यतामा बढोत्तरी गर्न तथा आन्तरीक आय समतेमा गुणात्मक वृद्धि गर्नका लागि निम्नानुसारका मापदण्ड तोकी लागू गरिएको छ ।

२. भरतपुर महानगरपालिका भित्र डिजिटल डिस्प्ले बोर्ड, होर्डिङ्ग बोर्ड तथा विद्युतीय प्रचार-प्रसार समाग्री सम्बन्धी मापदण्डहरु निम्नानुसार तोकिएका छन् :

२.१. भरतपुर महानगरक्षेत्रका सार्वजनिक स्थानहरुमा अनाधिकृत ढंगले राखिएका सम्पूर्ण ब्यवसायीक होर्डिङ्ग बोर्डहरु तथा प्रचार सामाग्रीहरुको लगत व्यबस्थापन,सुचिकरण गर्ने र नम्बर टाँस गर्ने व्यवस्था गरिनेछ ।

२.२. भरतपुर महानगरक्षेत्रका ऐतिहासिक साँस्कृतिक सम्पदाहरु, मुख्य प्रशासनिक केन्द्र, कार्यालयको वाहिरीसीमाबाट कम्तिमा ५० मिटर पर सम्म, ३० बर्गफिटसम्मको प्रति सटर व्यवसायीक परिचय पाटी वाहेक अन्य व्यवसायीक विज्ञापन बोर्ड तथा प्रचार सामाग्रीहरु राख्न निषेध गरिनेछ ।

२.३. १००(सय) बर्गफुट भन्दा ठूला साईजका होर्डिङ्ग बोर्डहरुको अनिवार्य रुपमा विमा गरीनुपर्ने छ। होर्डिङ्ग बोर्डहरु दर्ता गरी बोर्डको मुनि दर्ता नम्बर स्पष्ट देखिने गरि महानगरपालिकाबाट उपलब्ध गराईने स्टीकर राख्नुपर्ने छ ।२००(दुई सय) बर्गफुट भन्दा ठूला साईजका बोर्डहरु नयाँ दर्ता गर्नुपूर्व, प्राविधिक हिसावले ठिक भए,नभएको नेपाल इञ्जिनियरीङ्ग काउन्सिलबाट लाईसेन्स लिईएका प्राविधिकबाट उपुयूक्तताको सिफारिस लिने व्यवस्था अनिवार्य गरिएको छ ।

२.४. कुनै पनि सामाग्री रहित डिजिटल तथा होर्डिङ्गबोर्डहरु १५(पन्ध्र) दिन भन्दा बढी समय खाली राख्न निषेधीत गरिएको छ । व्यवसायीले वोर्डमा राख्ने सामाग्री परिवर्तन गरेपिच्छे महानगरपालिकालाई उक्त रंगिन एक प्रति सामाग्री उपलब्ध गराउनुपर्नेछ

२.५. महानगरपालिका भित्र रहेका अव्यवस्थित,अनियन्त्रित,विशुद्ध निजी फाइदाका उद्धेश्यले सार्वजनिक चोक, सडकसंगै जोडेर कुनै पनि सरकारी कार्यालयको नामबाट बिना अनुमति राखिएका बोर्डहरु हटाइनेछ ।

२.६. सडकपेटी तथा सार्वजनिक स्थानमा कुनै पनि स्थायी प्रकारका द्वार, स्टल डिस्प्ले राख्न पूर्णप्रतिबन्ध लगाईनेछ ।

२.७. बिद्युत तथा टेलिफोनका पोलहरुमा राखिएका सबै प्रकारका बोर्डहरु, तुल,ब्यानर हटाईने छ ।

२.८. डिजिटल डिस्प्लेयूक्त परिचयपाटीको हकमा महानगरपालिकामा व्यवसाय दर्ता भएका व्यवसायीले मात्र तोकिएको साईजको परिचयपाटी निःशुल्क राख्न पाइनेछ। महानगरपालिकामा व्यवसाय दर्ता नभई परिचय पाटी राख्न पाईने छैन् ।एक व्यवसायको हकमा एक भन्दा बढी परिचयपाटी राख्न पाइने छैन् ।परिचय पाटीको अधिकतम साईज उचाई ३ फिट ननघाई वढीमा ३० वर्गफिट सम्ममात्र हुनेछ ।सुरक्षाको दृष्टिकोणले परिचयपाटी राख्दा घरको कुनैपनि झ्याल छोप्न पाइनेछैन् ।

२.९. सपीङ्ग कम्प्लेक्स, सुपर मार्केट जस्ता ठुल-ठुला ब्यापारिक कम्प्लेक्सको हाता कम्पाउण्ड भित्र सुरक्षाका मापदण्ड अपनाई भूई तथा भित्ताहरुमा होर्डिङ्ग बोर्ड डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एल.सी.डी बोर्ड, एल.ई.डी बोर्ड, ग्लो बोर्ड, स्टल डिस्प्ले जस्ता बाह्य बिज्ञापन राख्न अनुमति दिनसकिने छ ।

२.१०.नीजि जग्गामा बोर्डहरु राख्दा संधियारका तर्फ तथा सडकतर्फबाट कम्तिमा १० फिट जमिन छोडेको हुनुपर्ने र उचाईको हकमा जमिनसतहबाट वढीमा ३० फिटमा हुनुपर्नेछ ।

२.११.महानगरपालिका क्षेत्रमा राखिने विज्ञापन तथा सचेतनामूलक बोर्ड तथा प्रचार समाग्रीबाट शहरी हरियाली, सामाजिक मूल्य ,मान्यता र सदभाव तथा सुरक्षाको दृष्टीकोणबाट उपयुक्त भएको नपाइएमा, सो बोर्ड तथा सामाग्री तत्काल हटाउने व्यवस्था गरिनेछ ।

२.१२.सूर्तिजन्य एवं मदिराजन्य बस्तु एवं उत्पादनको प्रचार-प्रसार गर्न पूर्ण प्रतिबन्ध गरिने छ ।

प्रमुख

२.१३.शहरी सौदर्यता र सुरक्षामा असर पर्ने गरी अव्यवस्थित ढंगले भवन तथा भौतिक संरचनाको छतमाथि होर्डीङ्ग बोर्ड राख्न पाइनेछैन् ।

२.१४.महानगरपालिकाको मुख्य व्यापारीक क्षेत्रहरु : चौबिसकोठी र चौबिसकोठी हुदै महानरपालिकाको गेटसम्म र उक्त स्थान देखि पुलचोक सम्मको क्षेत्र, पुलचोक देखि पोखरा बसपार्क, शहिदचोक बाट बालकुमारी कलेज मार्ग, बेलचोक जाने सडक लगायत नारायणगढका सम्पूर्ण बजार क्षेत्रहरु, भरतपुर वडा नं.१०,११,१२का प्रमुख बजार क्षेत्रहरुमा महानगरपालिकाको नीति विपरीत राखिएका सार्वजिनक स्थल, पोल र घर तथा भवनको छाना तथा कौशीमा राखिएका बोर्डहरु तत्काल हटाइनेछ । र साविक भरतपुर नगरपालिकाको क्षेत्र भन्दा वाहिर अन्य स्थानको हकमा चालू आ.बको लागि तोकिए वमोजिम होर्डिङ्ग बोर्डलाई करको दायरामा ल्याईनेछ ।

२.१५.मेला, महोत्सव लगायत छोटोसमयका लागि आयोजना गरिने व्यवसायिक प्रदर्शनी कार्यक्रममा राखिने डिजिटल डिस्प्ले बोर्ड तथा होर्डिङ्ग बोर्ड, प्रर्दशनीको लागि द्वार आदि निर्माण गर्दा महानगरपालिकाबाट तोकिए बमोजिमका मापदण्ड पुरा गर्ने गरी अनुमति लिनुपर्नेछ ।

२.१६.डिजिटल बोर्ड, होर्डिङ्ग बोर्ड राख्ने स्थान, बिज्ञापन बोर्डको साइज, बोर्ड राख्ने स्थान र यस सम्बन्धी अन्य मापदण्ड अनुसूचि- १ बमोजिम हुनेछ ।

२.१७.डिजिटल डिस्प्ले बोर्ड, होर्डिङ्ग बोर्ड तथा विद्युतीय प्रचार-प्रसार समाग्री सम्बन्धी मापदण्डहरु, यस मापदण्डमा तोकीएकोमा यसै मापदण्ड वमोजिम र यसमा नतोकिएकोमा प्रचलित ऐन, कानून वमोजिम हुनेछ ।

प्रमुख

डिजिटल बोर्ड, होर्डिङ्ग बोर्ड राख्ने स्थान, बिज्ञापन बोर्डको साइज, बोर्ड राख्ने स्थान र यस सम्बन्धी अन्य मापदण्ड

अनुसूची- १

| सि.नं | डिजिटल डिस्प्ले बोर्ड राखिने स्थान तथा क्षेत्रको विवरण | संख्या | साईज | ईजाजत दिन मिल्ने / ईजाजत दिन नमिल्ने स्थान | |
|---|---|---|---|---|---|
| १ | भरतपुर केन्द्रीय बसपार्क क्षेत्र भित्र वढीमा १० वटा सम्म डिजिटल डिस्प्ले बोर्ड राख्नको लागि स्थान उपलव्ध गराईनेछ । | १० | १०*१० | | |
| २ | भरतपुर केन्द्रीय बस टर्मिनल देखि टिकौली सम्मको पेट्रोल पम्प क्षेत्र भित्र १,१ वटा डी।डी बोर्ड राख्न स्थान उपलव्ध गराईनेछ । | २ | ५*६ | | |
| ३ | भरतपुर१० साझा पेट्रोल पम्पको कम्पाउण्ड क्षेत्र भित्र दुई वटा डी डी बोर्ड राख्न स्थान उपलव्ध गराईनेछ । | २ | ५*६ | | |
| ४ | हाकिमचोकबाट शरदपुर जानेवाटोमा मुलबाटोबाट कम्तीमा १० मि छोडी दुई वटा सम्म डी डी बोर्ड राख्न स्थान उपलव्ध गराईनेछ । | २ | ५*६ | | |
| ५ | रिजालचोक देखि बुद्धचोक जाने बाटो भित्र भाग मुल बाटो बाट कम्तीमा १०मी भित्र | २ | ५*६ | | |
| ६ | चौबिसकोठी देखि प्रहरी कार्यालय जाने बाटोका सार्वजनिक क्षेत्रमा कम्तिमा २ ठाउँमा | २ | १०*१० | | |
| ७ | चौबिसकोठी देखि प्रहरी कार्यालय जाने बाटोका सार्वजनिक क्षेत्रमा कम्तिमा २ ठाउँमा | २ | ५*६ | | |
| ८ | CMs Hospital हाता भित्र डी/डी बोर्ड | २ | १०*१० | | |
| ९ | CMs Hospital हाता भित्र डी/डी बोर्ड | २ | ५*६ | | |
| १० | CMC Hospital हाता भित्र डी/डी बोर्ड | २ | १०*१० | | |
| ११ | CMC Hospital हाता भित्र डी/डी बोर्ड | २ | ५*६ | | |
| १२ | सरकारी हस्पीटलको हाता भित्र | २ | ५*६ | | |
| १३ | क्यान्सर हस्पीटलको हाता भित्र | २ | ५*६ | | |
| १४ | पोखरा बसपार्कको हाताभित्र | ४ | ५*६ | | |
| १५ | नारायणी नदीको किनारमा | ५ | १०*१० | | |
| १६ | नारायणी नदीको किनारमा | ४ | ५*६ | | |
| १७ | नारायणी नदीको किनारमा रहेका शोलार पोलहरुमा ५*६को डिजिटल | | | | |

प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | डिस्प्ले बोर्ड प्रत्येक पोललाई ग्याप राखी जडान गर्न अनुमित दिन सकिनेछ । | | | | |
| १८ | महानगरपालिकाको तरकारी मण्डीहरु -२ | ४ | ५*६ | | |
| १९ | महानगरपालिकाले पार्किङ्गको लागि भाडा लिएको जग्गामा चार(४) ठाउँमा | ४ | ५*६ | | |
| २० | महानगरपालिका भित्र सञ्चालनमा रहेका फनपार्कहरुमा महानगरपालिकाबाट अनुमति लिए वमोजिम। | | | | |
| २१ | Airport Area Inner side मा तोकिए वमोजिम डिजिटल डिस्प्ले बोर्ड राख्न सकिनेछ। | | | | |
| २२ | देवघाट क्षेत्र अर्न्तगत बसपार्क क्षेत्र वरीपरी | २ | १०*१० | | |
| २३ | साविक भरतपुर नगरपालिका बाहेकका अन्य स्थानहरुमा ( साविक नारायणी न.पा,चित्रवन न.पा,साविक गीतानगर गाविस,फुलवारी गाविस,शिवनगर गाविस लगायतका क्षेत्रहरु) तोकिए वमोजिम होर्डीङ्ग बोर्डहरु राख्न सकिनेछ । | | | | |

आज्ञाले

......................

प्रेमराज जोशी

प्रमुख प्रशासकीय अधिकृत